सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
Class "A" Institution Licensed by Nepal Rastra Bank

पत्र संख्या : एसआरबिएल/सिईओ/१६८/२०१८ मिति: २०७५/०८/१३

नेपाल स्टक एक्स्चेन्ज लि.
सिंहदरबार प्लाजा ।

विषय: बैंकको आ.ब. २०७४/०७५ को नगद लाभांश घोषणा/ वितरण सम्बन्धमा ।

महोदय,
उर्पयुक्त विषयमा यस सन्राईज बैंक लिमिटेडको संचालक समितिको मिति २०७५/०८/१३ गते बसेको ३०३औं बैठकबाट बैंकका शेयरधनीहरुलाई आ.ब. २०७४/०७५ को मुनाफाबाट बैंकको कायम चुक्ता पूँजी रु. ८,१५,२५,५५,८५१/- (अक्षरेपी रुपैया आठ अर्ब पन्ध्र करोड पच्चीस लाख पचपन्न हजार आठ सय एकाउन्न रुपैयाँ मात्र) को ११.५% का दरले हुन आउने रकम रु. ९३,७५,४३,९२२.८७ (अक्षरेपी रुपैया त्रीयानब्बे करोड पचहत्तर लाख त्रीचालीस हजार नौ सय बाइस पैसा सतासी मात्र) बराबरको नगद लाभांश वितरण गर्न सिफारिश गर्ने निर्णय गरिएको व्यहोरा जानकारी गराउदछौं ।

साथै आयकर ऐन, २०५८ को दफा ४७क अनुसार मर्जर तथा प्राप्ती गर्ने वित्तीय संस्थाहरुको हकमा प्राप्ति मितिबाट दुई बर्ष भित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरिने लाभाशंमा कर नलाग्ने व्यवस्था रहेको र उक्त मिति पश्चात भएको शेयर कारोबारबाट प्राप्त शेयरको बोनस/नगद लाभांश रकममा लाभांश कर लाग्ने हुनाले बैंकले एन.आई.डि.सी. क्यापिटल मार्केट्स लिमिटेडलाई मिति २०७३/१०/२८ मा प्राप्ति (एकीकृत कारोबार) गरेकोले सो मिति पश्चात शेयर कारोबार गरी नगद लाभांशका लागि योग्य रहेका शेयरधनीहरुको नगद लाभांशमा लाग्ने लाभांश कर रकम सम्बन्धित शेयरधनीलाई वितरण गरिने नगद लाभांश रकमबाट कट्टा गरी कर कार्यालयमा दाखिला गर्ने गरी नेपाल राष्ट्र बैंक तथा आगामी साधारण सभाबाट स्वीकृत भए अनुसार वितरण गर्ने निर्णय भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौं ।

धन्यवाद ।

भवदीय,

.......................
रत्नराज बज्राचार्य
प्रमुख कार्यकारी अधिकृत



P.O. Box: 15203, Sunrise Plaza, Gairidhara Crossing, Kathmandu, Nepal, Tel: 977-01-4004560-64, Fax: 977-01-4422475
Toll Free No.: 1660-01-22444, Email: info@sunrisebank.com.np, Website: www.sunrisebank.com.np, SWIFT:SRBLNPKA